**नियम नम्बरः–**

# मार्मा गाउँपालिका संस्था/क्लब दर्ता कार्यविधि २०७६

**कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः२०७६ बैशाख १७ गते**

**मार्मा गाउँपालिका**
**लटिनाथ, दार्चुला**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

मार्मागाउँपालिकासंस्था/क्लबदर्ताकार्यविधि२०७६

# मार्मा गाउँपालिका संस्था दर्ता कार्यविधि २०७६

**प्रस्तावना :**सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक,आर्थि व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनी भएकोले,

मार्मा गाउँपालिका कार्यपालिका बैठकले संस्था/क्लब दर्ता कार्यविधि २०७६ बनाइएको छ ।

१. **संक्षिप्तनाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "मार्मा गाउँपालिका संस्था/क्लब दर्ता, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्य विधिमा,

(क) "कार्यविधि"भन्नाले मार्मा गाउँपालिका संस्था/क्लब दर्ता कार्यविधि, २०७६ सम्झनुपर्छ ।

(ख) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शा आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संस्था क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले संघ मैत्रसमेतलाई जनाउँछ ।

(ग) "दर्ता अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(घ) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको बमोजिम सम्झनुपर्छ ।

(च) "गाउँपालिका" भन्नाले मार्मा गाउँपालिका सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले मार्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाइ सम्झनु पर्छ ।

(ज) "गाउँ कार्यपालिका"भन्नाले मार्मा गाउँ कार्यपालिका सम्झनुपर्छ ।

३. **दर्ताकोलागि निवेदन**: कार्यविधि बमोजिम संस्था/क्लब दर्ता गर्न चाहने व्यक्तिहरुले **<u>एक हजार रुपैंया</u>** दस्तुर सहित दर्ता अधिकारी समक्ष अनुसूची-१ मा तोकिएको ढाचामा निवेद दिनु पर्नेछ ।

४. **संस्थाको दर्ता र प्रमाण-पत्र** : नियम ३ बमोजिमको निवेदन प्राप्त भएपछि दर्ता अधिकारीले आवश्यक **जाँचबुझ गरी** संस्था/क्लब दर्ता गर्न उचित ठानेमा निजले अनुसूची-२ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी दर्ता संस्था गरी सके पछि अनुसूची-३ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनेछ ।

५. **दर्ताको अवधि, नवीकरण र दस्तुरः** (१) नियम ४ बमोजिम दिएको दर्ताको प्रमाण-पत्र को एक आर्थिक वर्षसम्म वहाल रहनेछ ।

(२) उपनियम १ बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिना भित्र सम्बन्धित व्यक्तिले दर्ता अधिकारबाट पाँचसय रुपैँया दस्तुर तिरी दर्ताको प्रमाण –पत्र नविकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको -प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा दर्ता अधिकारीले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहायबमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ -:

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु. १००-।

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रु. २५०- ।

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु ५०० को दरले दुई आर्थिक वर्षको लागि रु. १,०००- ।

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए पनि म्याद भित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण नसकेको हुन मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एक हजार रुपैंयाका दरले थप जरिबाना समेत लिइ स्थानीय अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै संस्थाले बढीमा पाचवर्ष सम्म को लागि एकै पटक दर्ताको प्रमाण-पत्र नवीकरण गर्न निवेदन दिन आएमा स्थानीय दर्ता अधिकारीले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी प्रत्येक लागि वर्षका एक सय रुपैंया दस्तुर लिई एकै पटक पाचवर्ष सम्मको लागि दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(६) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्नगर्नु पर्नेछ ।

मार्मागाउँपालिका संस्था दर्ता कार्यविधि २०७६

**अनुसूची–१**

**(नियम ३ संग सम्बन्धित) निवेदन पत्रको ढाचा**

# निवेदन पत्रको ढाँचा

श्री दर्ता अधिकारी ज्यू,
मार्मा गाउँपालिकाको कार्यालय
लटिनाथ दार्चुला ।

महोदय,

हामीले ............................ सम्बन्धी संस्था खोल्न चाहेकोले मार्मा गाउँपालिका संस्था/क्लब दर्ता कार्यविधि, २०७६ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं ।

प्रस्तावित संस्थाको विधानको एकप्रति यसैसाथ संलग्न गरिएको छ।

**विवरण**

**१. संस्थाको नाम- :**
**२. संस्थाको उद्देश्यहरु- :**
**(क)**
**(ख)**
**(ग)**
**३. प्रबन्ध समितिका सदस्यहरुको**

| **नाम** | **ठेगाना** | **पेशा** |
|---|---|---|
| **क)** | | |
| **ख)** | | |
| **ग)** | | |

४. आर्थिक स्रोत- :
५. कार्यालयको ठेगाना- :
मितिः

भवदीय
पदाधिका।हरुको नामः

मार्मा गाउँपालिकासस्था/क्लबदर्ताकार्यविधि२०७६

**अनुसुची-२**
**( नियम ४ संग सम्बन्धित )**
**दर्ता किताबको ढाँचा**
**संस्था दर्ता किताब**

**दर्ता नं**

<table>
<tr><th rowspan="2">दर्ता नं</th><th colspan="3">दर्ता मिति</th><th rowspan="2">संस्थाको नाम र ठेगाना</th><th rowspan="2">संस्थाको उदेश्य</th><th rowspan="2">संस्थाको पदाधिकारी एव सदस्यहरुको नाम र ठेगाना</th><th rowspan="2">कैफियत</th></tr>
<tr><th>साल</th><th>महिना</th><th>गते</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

मार्मागाउँपालिकासंस्था/क्लबदर्ताकार्यविधि२०७६

**अनुसुची-३**
**(नियम ४ संग सम्बन्धित )**
**प्रमाण –पत्रको ढाँचा**
**संस्था दर्ता प्रमाण-पत्रको ढाँचा**

**मार्मा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
लटिनाथ, दार्चुला
सुदुरपश्चिम  प्रदेश, नेपाल

श्री अध्यक्ष/सचिब

.........................................................................।

.................................................................................... संस्था/क्लबलाई मार्मा गाउँपालिका संस्था तथा क्लब दर्ता कार्यविधि २०७६ को दफा ४ बमोजिम ................. साल ........ महिना .........गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ।

दर्ता गर्ने अधिकारीको सहीः-

पूरा नाम थरः-

दर्जाः-

कार्यालयः-

मार्मागाउँपालिकासंस्था/क्लबदर्ताकार्यविधि२०७६

## <u>नविकरण</u>

| नविकरण गरेको मिति | दर्ता प्रमाणपत्र वहाल रहने अवधि | नविकरण दस्तुर | दर्ता अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रमाणित गर्ने अधिकारीको:-
नाम थरः-
पदः-
कार्यालयः-
मितिः-

मार्मागाउँपालिकासंस्था/क्लबदर्ताकार्यविधि२०७६

मार्मागाउँपालिकासंस्था/क्लबदर्ताकार्यविधि२०७६